प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा (साविक प्राविधिक एस.एल.सी) तहको (एक विषय) मौका परीक्षाको परीक्षा आवेदन फाराम भरी वुझाउने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०७८/०९/२७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त गरी परिषद्का आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेका तथा निजी स्तरमा प्राविधिक एस.एल.सी. तर्फ विभिन्न विषयका कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाका लागि परीक्षा सम्वन्धी नियमावली २०७१ को नियम ३ ख (४) बमोजिम **२०७७ सालमा सञ्चालन** भएको वार्षिक परीक्षामा सम्मिलित नियमित तर्फका परीक्षार्थीहरु मध्येवाट मात्र **सैद्धान्तिक तर्फ एक विषयमात्र अनुत्तीर्ण भएका** आंशिक परीक्षार्थीहरुलाई एक बिषयको मौका परीक्षाका लागि परीक्षा शूल्क रु २००। (अक्षेरुपी दुईसय मात्र) सहित तपशिलमा उल्लेख भए वमोजिम सम्वन्धित शिक्षण संस्थाहरुले सम्वन्धित परीक्षार्थीहरुवाट परीक्षा आवेदन फाराम भराई तोकिएको स्थान र मितिमा फाराम वुझाउन हुन सम्वन्धित सवै शिक्षण संस्थाहरु तथा परीक्षार्थीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**क) शर्तहरुः**

१. शिक्षण संस्थाहरुबाट एक बिषयको आंशिक परीक्षार्थीहरुको आवेदन फाराम ITMS Online मा Entry गरी आवेदन फाराम, समष्टिगत, Exam Sheet Roll तथा प्रवेश पत्रमा सहि छाप भएको फाइल खडा गरी रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ।

२. परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्र/लेजरको फोटोकपी फाराम साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

३. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन, त्यसको जवाफदेही परीक्षा नियन्त्रण कार्यालय हुने छैन।

४. कुनै पनि शिक्षण संस्थाले शर्त पूरा नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नतिजा स्वतः रद्ध हुनेछ र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ।

५. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाईएमा आवेदन फाराम बुझिने छैन।

**ख) परीक्षा आवेदन फाराम वुझाउने स्थान, मिति तथा परीक्षा संचालन मिति, समय र परीक्षा केन्द्रहरु**

१. परीक्षार्थीहरुको हकमाः मिति २०७८ साल पुस २७ गते देखि मिति २०७८ साल माघ ११ गते सम्म

२. शिक्षण संस्थाहरुको हकमा (रकम दाखिला गरेको वैंक भौचर सहित): मिति २०७८ साल माघ १२ गते सम्म

३. परीक्षा संचालन हुने मिति : २०७७ मंसिर महिनामा संचालन भएका सम्पुर्ण कार्यक्रमहरुका लागि २०७८ साल माघ २२ गते शनिवार बिहान ८:०० बजे देखि र २०७७ फागुन महिनामा संचालन भएका सम्पुर्ण कार्यक्रमहरुका लागि २०७८ साल माघ २२ गते शनिवार दिउंसो २:०० बजे देखि।

४. फाराम वूझाउने स्थानः परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा।

५. परीक्षा केन्द्रहरु परीक्षा संचालन हुने मिति भन्दा १ हप्ता अगाडि प्रकाशन गरिनेछ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिने छ।**

**परीक्षा नियन्त्रक**